## नगर उप प्रमुख ज्यूको स्वागत मन्तव्य

"युवा विकासको आधार, खेलकुद, पर्यटन र रोजगार" भन्ने नाराका साथ बागलुङ नगरपालिकाको आयोजनमा संचालन हुन गैरहेको प्रदेश नं ४ स्तरिय प्रथम मेयर कप फुटवल प्रतियोगिता २०७४।१०।१६ को उद्घाटन समारोहका अध्यक्ष तथा बागलुङ नगरपाकिलाका प्रमुख ज्यू

माननीय संघिय प्रतिनिधि सभा सदस्य ज्यूहरु

माननीय प्रदेश प्रतिनिधि सभा सदस्य ज्यूहरु

माननीय मुख्य न्यायधीस एवं माननीय न्यायाधीस ज्यूहरु

जिल्ला समन्वय समितिका प्रमुख ज्यु

विभिन्न नगरपालिकाबाट पाल्नु भएका नगर प्रमुख ज्यू/उप प्रमुख ज्यूहरु

विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु

प्रमुख जिल्ला अधिकारी ज्यू

पश्चिमाञ्चल खेलकुद विकास समतिका अध्यक्ष ज्यू

क्याम्पस प्रमुख ज्यू/ जिल्ला समन्वय अधिकारी ज्यू

कार्यालय प्रमुख ज्यूहरु

गणपति ज्यू/ प्रहरी उपरीक्षक ज्यू

उद्योग वाणिज्य संघ केन्द्रीय प्रतिनिधि ज्यू

वडा अध्यक्ष एवं कार्यपालिकाका सदस्य एव नगर सभाका सदस्य ज्यूहरु

एन्फा अध्यक्ष ज्यू, नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष ज्यू

पत्राकार महासंघका अध्यक्ष ज्यू

सामुदायिक एवं संस्थागत विद्यालयका प्र.अ. ज्यूहरु

नागरिक समाजका लव्ध प्रतिष्ठीत व्यक्तित्वहरु

खेलाडी साथीहरु/ खेलप्रेमी दर्शक महानुभावहरु

उपस्थित शिक्षक विद्यार्थी वर्ग/ सामुदायिक वन उपभोक्त समतिका अध्यक्ष ज्यू

फुटवलका निर्णायक वर्ग ज्यु

विभिन्न सहयोग प्रदान गर्ने संस्था तथा महानुभावहरु र उपस्थित सम्पूर्ण महानुभावहरु

बागलुङ नगरपालिकाको प्रथम नगर सभाको निर्णय वमोजिम यस प्रदेश नं ४ अन्तर्गतका अन्तर नगरपालिका स्तरीय फुटवल प्रतियोगिताको आयोजना गरी आजको उद्घाटन समारोह संचालन भैरहेकोमा हामीलाई हर्ष लागेको छ । धवलागिरीको ऐतिहासिक, सांस्कृतिक पहिचान वोकि प्रसिद्द बागलुङ भगवतीको अवस्थिती, भैरवस्थान र पञ्चकोटको प्रसिद्द धार्मिक तथा पर्यटकियस्थल भकुण्डेको मुलावारीको भ्यूटावरवाट मनोरम हिमाली हिमश्रृखलाको दृश्यावलोकन, वलेवा पैयुपाटा विमानस्थल मध्यपहाडी लोकमार्ग रहेको यस सुन्दर नगरी बागलुङ नगरपालिकाले आयोजना गरेको ६८औ शहिद दिवस समारोह तथा प्रथम मेयरकप फुटवल प्रतियोगितामा हाम्रो निमन्त्रणलाई स्वीकार गरि उपस्थित सम्पुर्ण अतिथिगण, नगर प्रमुख ज्यू सुरक्षा निकाय, कार्यालय प्रमुखज्यू, खेलाडी वर्ग, शिक्षक, कर्मचारी, विद्यार्थी पत्राकार, खेलकुद समिति आम नागरीक समाज सवै प्रति बागलुङ नगरपालिकाको तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक हार्दिक स्वागत र कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यवाद

सुरेन्द्र खड्का
नगर उप प्रमुख